# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २० ] काठमाडौं, ज्येष्ठ २८ गते २०२७ साल [ अतिरिक्ताङ्क ८


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८(१) अनुसार नेपाल राष्ट्र बैंकले निम्नबमोजिमको नयाँ ढाँचा तथा आकार-प्रकारको रू. ५।– र रू. १०।– दरको नोटको निष्काशन गर्ने भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

रू. ५।– दरको नोटको सम्बन्धमा

आकार– १२०.६५ ६६.८५ मिलिमिटर

नम्बर– रू. ५।– दरको नोटमा दायाँ-बायाँ तल्लो दुबै कुनामा अङ्क तथा अक्षरमा क्रमिक प्रेफिक्ससहितको नम्बर हुन्छ । रू. ५।– दरको नोटको क्रमिक नम्बर क/१ ००००१ देखि शुरू हुन्छ ।

दस्तखत– रू. ५।– दरको नोटको बीचको तल्लो भागमा नेपाल राष्ट्र बैंकका गभर्नरको दस्तखत हुन्छ ।



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को चित्र–रू. ५।– दरको नोटमा हरियो रङ्गको फाहा दिइएको वर्षे जङ्गी पोशाक पहिरिबक्सेको तथा दायाँतिर नजर भइबक्सेको श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको ऊर्ध्वाङ्ग चित्र हुन्छ ।

पानी-चित्र– रू. ५।– दरको नोटमा सेतो सतहमा बायाँ फर्केको श्रीपेचको पानी-चित्र हुन्छ ।

छपाइ– रू. ५।– दरको नोट अगाडिपट्टि तीनतह लिथोग्राफिक छपाइ र पछाडिपट्टि दुइतह लिथोग्राफिक छपाइ हुन्छ ।

## विशेष उल्लेखनीय कुराहरू

नोटको सुल्टोमा बैंकको पूरा नाम र उल्टोमा बैंकको चिह्नको चित्र हुन्छ । नेपाल राष्ट्र बैंक ऐन,२०१२परिच्छेद३,दफा१८ (१) अनुसार यो नोट निष्काशित गरिने हुँदा श्री ५ को सरकारको जमानत प्राप्त भन्ने उल्लेख पनि हरेक नोटमा हुन्छ । भुक्तानीको माग भएमा नेपाल राष्ट्र बैंकबाट नोट निष्काशित भएको अङ्कको रकम तुरुन्त भुक्तान पाइने कुरा पनि हरेक नोटमा लेखिएको हुन्छ । नोटको उल्टोमा नेपाली र अंग्रेजी लिपिमा अङ्क औ अक्षरले रकमको किटान गरिएको छ । सुरक्षाको निमित्त लम्बरूपमा कागजभित्र धातुको धागो हुन्छ ।

## रू. ५।– दरको नोटको रूप-रङ्गको विस्तृत विवरण

### अगाडिपट्टि

नेपाली काष्ठ-कलाहरूका चित्रबाट बनेको हरियो रङ्गको चारैतिर किनारा । नोटको मुख्य रङ्ग हरियो । बायाँपट्टि हरियो कलात्मक पृष्ठभूमिमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको चित्र र दायाँपट्टि सौन्दर्यपूर्ण हरिया बुट्टाहरूले बनेको फ्रेमभित्रको सेतो सतहमा श्रीपेचको पानी-चित्र ।

नोटको बीचमा उज्ज्वल बैंजनी रङ्गमा पाटनको टूशाहिटीको चित्र छ । नोटको तल्लो मध्य भागमा नेपाल राष्ट्र बैंकको चिह्न रहेको छ । नेपाल राष्ट्र बैंकको चिह्नको ठीक माथि बैंकका गभर्नरको हैसियतले श्री यादवप्रसाद पन्तको दस्तखत छापिएको । तल्लो बायाँ र दायाँ कुनामा नेपाली काष्ठ-कलाहरूका चित्रको पृष्ठभूमि रहेको समकोणभित्र नेपालीमा ६ अङ्क भएको क्रमिक नम्बर ।

### पछाडिपट्टि

श्री स्वयम्भूनाथको मन्दिरस्थलबाट लिइएका नेपाली काष्ठ-कलाहरूका चित्रबाट बनेको हरियो रङ्गको चारैतिर किनारा । नीलो रङ्गको पृष्ठभूमिमा गहुँ गह्रा परेका धानको खेतको चित्र, अन्नपूर्ण हिमाल दोस्रो र लमजुंग हिमालको चित्र ।

नोटको बायाँ तल्लो कुनामा नेपाली अङ्क र अक्षरमा रुपैयाँ पाँच र दायाँ तल्लो कुनामा अंग्रेजी अङ्क र अक्षरमा रूपैयाँ पाँच भन्ने लेखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## रू. १०।– दरको नोटको सम्बन्धमा

| | |
|---|---|
| आकार– | १३३.३५ ६९.८५ मिलिमिटर । |
| नम्बर– | रू. १०।– दरको नोटमा तल्लो दायाँ-बायाँ दुबै कुनाहरूमा अङ्क र अक्षरमा क्रमिक प्रेफिक्ससहितको नम्बर हुन्छ । रू. १०।– दरको नोटको नम्बर क/१ ०००००१ देखि शुरू हुन्छ । |
| दस्तखत– | रू. १०।– दरको नोटको बीचको तल्लो भागमा नेपाल राष्ट्र बैंकका गभर्नरको दस्तखत हुन्छ । |
| श्री ५ को चित्र– | रू. १०।– दरको नोटमा खैरो रङ्गको पृष्ठभूमिमा वर्षे जङ्गी पोशाक पहिरिबक्सेको तथा दायाँतिर नजर भइबक्सेको श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको ऊर्ध्वाङ्ग चित्र हुन्छ । |
| पानी-चित्र– | रू. १०।– दरको नोटमा फिक्का नीलो सतहमा बायाँ फर्केको श्रीपेचको पानी-चित्र हुन्छ । |
| छपाइ– | रू. १०।– दरको नोट अगाडिपट्टि तीनतह लिथोग्राफिक छपाइ र पछाडिपट्टि दुइतह लिथोग्राफिक छपाइ हुन्छ । |

## विशेष उल्लेखनीय कुराहरू

नोटको सुल्टोमा बैंकको पूरा नाम र बैंकको चिह्नको चित्र हुन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०१२, परिच्छेद ३, दफा १८(१) अनुसार यो नोट निष्काशित गरिने हुँदा श्री ५ को सरकारको जमानत प्राप्त भन्ने उल्लेख पनि हरेक नोटमा हुन्छ । भुक्तानीको माग भएमा नेपाल राष्ट्र बैंकबाट नोट निष्काशित भएको अङ्कको रकम तुरुन्त भुक्तानी पाइने कुरा पनि हरेक नोटमा लेखिएको हुन्छ । नोटको उल्टोमा नेपाली र अंग्रेजी लिपिमा अङ्क औ अक्षरले रकमको किटान गरिएको हुन्छ । सुरक्षाको निमित्त लम्बरूपमा कागजभित्र धातुको धागो हुन्छ ।

## रू. १०।– दरको नोटको रूप रङ्गको विस्तृत विवरण

### अगाडिपट्टि

श्री स्वयम्भूनाथको मन्दिरस्थलबाट लिइएका नेपाली काष्ठ-कलाहरूका चित्र तथा सेता-मसिना जाली बुट्टाबाट बनेका खैरो रङ्गको किनारा । मुख्य रङ्ग खैरो । नोटको बायांपट्टि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको वर्षे जङ्गी पोशाक पहिरिबक्सी दायांतर्फ नजर होइबक्सेको ऊर्ध्वाङ्ग चित्र । दायांपट्टि फिक्का नीलो रङ्गका सतहमा श्रीपेचको पानी चित्र छ । बीचमा हरियो रङ्गमा ध्यान–मग्न बुद्धको मूर्तिको चित्र छ । चित्रको ठीक मुनि नेपाल राष्ट्र बैंकको चिह्न र चिह्नको ठीक माथि नेपाल राष्ट्र बैंकको गभर्नरका हैसियतले श्री यादवप्रसाद पन्तको दस्तखत छापिएको हुन्छ । तल्लो बायां तथा दायां किनारामा नेपाली काष्ठ-कलाको बुट्टाहरू भएको पृष्ठभूमिमा नेपाली ६ अंकको सिलसिलेवार नम्बर ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

## पछाडिपट्टि

मुख्य रङ्ग हरियो र वदामी । नेपाली काष्ठ-कलाहरूबाट बनेको हरियो रङ्गको चारैतिर किनारा । खैरो रङ्गमा सिंहदरबार सचिवालय र त्यसको मोहडामा देखिएका हरियो रङ्गका रूखहरूको दृश्य । तल्लो बायां किनारामा नेपाली अंक र अक्षरमा रूपैयां दश र तल्लो किनारामा अंग्रेजी अंक र अक्षरमा रूपैयां दश भन्ने लेखिएको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

24